चामुण्डाविन्द्रासैनी नगरपालिका

जम्बुकाँध दैलेख

# रोजगार रणनीति योजना

आ व २०८२।८३ देखी २०८६।८७

नगरकार्यपालिका बाट स्वीकृत मिति २०८२।०३।०९

चामुण्डा विन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जम्बुकाँध,दैलेख कर्णाली प्रदेश,नेपाल

# चामुण्डाविन्द्रासैनी नगरपालिका जम्बुकाँध, दैलेखको
# रोजगार रणनीति योजना
## (आ.ब. २०८२।८३ -२०८६/०८७ सम्म)

प्रमाणिकरण मितिः २०८२।०३।०९

### खण्ड-१ रणनीतिक सन्दर्भ

### १. पृष्ठभूमि

चामुण्डाविन्द्रासैनी नगरपालिकाभित्र रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरीवीलाई न्यूनीकरण गर्न नेपालको सवैधानिक र कानूनी व्यवस्था भए बमोजिम प्रत्येक नागरीकलाई रोजगारीको हकको सुनिश्चितताले नागरीकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन संघीय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरु रोजगार तर्फ केन्द्रित रहेका छन्। आर्थिक वृदि र गरीवी न्युनिकरणको आधार नै उत्पानदशिल रोजगारी रहेको छ । नागरीकलाई न्यूनतम रोजगारीको हकलाई सुनिश्चित गर्न, उत्पादनशील रोजगारी र विकासका पूर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाई प्रतिस्पर्धी एवं सुरक्षित रोजगारीमा संलग्न गराइ राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई रोजगारीको हकलाई व्यवहारीक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरी रोजगारीका राष्ट्रिय प्राथमिकता र दिर्घकालिन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारी सवैधानिक व्यवस्था र कानूनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जूमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरीकको जीवनमा रुपान्तरण ल्याउन चामुण्डाविन्द्रासैनी गाँउपालिकामा रोजगार रणनीति आवश्यक परेको छ । श्रोत साधनको समुचित उपयोग मार्फत चामुण्डाविन्द्रासैनी नगरपालिकामा आन्तरीक रोजगारी सिर्जना गर्न सहयोग पुग्ने जसबाट न्यूनतम रोजगारीका क्रममा उद्यमशिलिता व्यवसायीक विकास, सिपयुक्त जनशक्ति कार्यक्रम, तालिम, सिप विकास, सिपयुतक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्ने छ ।

रोजगार नीति २०७१ ले नेपालमा उपलव्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील, मर्यादित एव सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल वनाई गरीवी निवारणमा योगदान पुर्याउनु नीतिको दूरदृष्टि रहेको छ । उक्त दूरदृष्टि वमोजिम प्रमुखका उदेश्यहरु र बियय बस्तुलाई आत्मसात गरी चामुण्डाविन्द्रासैनी नगरपालिकामा आगामी ५ वर्षे रोजगार रणनीतीले मार्गदर्शन गरेको हुने छ।

#### कृषि क्षेत्रमा दिगो उत्पादनशील रोजगारी

सिचाइ कुलो, कृषि सामाग्री, आधुनिक प्रविधि, मल र बजारीकरणमा समन्वय गरी न्यूनतम रोजगारीको सुनिश्चत गर्न कृषिमा दिगो उत्पादनशील रोजगारीमा जोड दिइने छ। यसका लागि नगरपालिकाको कृषि भुयोग्य जमिनको उपयोग तौवर तरीका, उत्पादन र बजारीकरणमा १०० दिनको रोजगारी प्राप्तिको बातारवरण तयार गरी श्रमिक समुह बनाई १०० दिनमा उत्पादन गर्न सक्ने मौसमी तरकारी, प्रमुख अन्नबाली, नगदे बाली उत्पादन हुने क्षेत्र पहिचान गरी रोजगारी सृजर्नामा जोड दिइने छ ।

#### व्यवसायिक सिप विकास र तालिम

सबै इच्छुक नागरीकलाई आवश्यक व्यवसायिक सीपमा अभिबृद्धि गरी आन्तरीक रोजगारीको माग र आपूर्तिमा अन्तर सम्वन्ध कायम गरी आवश्यक पर्ने दक्ष जनशक्ति तयारी र उपयोग गरी आन्तरीक रोजगारी र बैदेशिक रोजगारीमा माफर्त नागरीकको जिवनस्तरमा सुधार आउने ।अनौपचारीक क्षेत्रमा सीप सिकेकालाई सीपको पहिचान गरी सीपयुक्त

गणेश कुमार शाही
नगर प्रमुख

CamScanner

प्रमाणपत्रका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ। बजारको माग र जनशक्ति आपूर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सीप विकासका कार्यक्रम संचालनमै ल्याइने छ ।

**निर्माण क्षेत्र**

1. पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिई जनशक्ति उपलब्ध हुने वातावरण बनाइने छ ।
2. सामुदायिक विकास आयोजनामा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रम तर्जुमा गरीने छ ।
3. स्थानीय पूर्वाधार विकासमा संलग्न श्रमिकको आयश्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरीने छ।

श्रम तथा रोजगारीका गतिविधिले चामुण्डाविन्द्रासैनी नगरपालिका सामाजिक र आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पर्न गई दिगो आर्थिक विकास सघाउ र रोजगारीको सुनिश्चतताका साथै सामाजिक र आर्थिक बिकासमा सहयोग पुग्न सक्ने, श्रमको सम्मान राष्ट्रको अभियान नारालाई जनस्तरमा सकारात्मक विकास गरी आम्दानी हुने कार्य गर्न उत्प्रेरित हुने। आन्तरीक रोजगारी मार्फत नागरीकको जीवनस्तरमा सुधार आउने । गाँउघरमै न्यूनतम रोजगारी पाएमा जिवनयापन गर्न बिदेशमै जानुपर्ने अवस्थामा सुधार आउने । बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त सिप उपलव्ध गराएमा बैदेशिक रोजगारीबाट राम्रो पारीश्रमिक पाउने हुँदा जिवनयापनमा सहजता आउने। रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइने छ र उत्पादन भएका बस्तुको वजारीकरण, व्यवस्थापन थप रोजगारी सृर्जना गर्न बिशेष पहल गरीने । बिकासका पूर्वाधारमा दक्ष र सिपमूलक जनशक्ति प्रयोग गर्दा दैनिकी ज्यालादरमा वृद्धि हुने हुदा दैनिक जिवन यापनमा मदत पुग्ने । विपन्न, न्यूनआय श्रोत भएका व्यक्तिलाई पहिलो प्राथमिकता रही अवसर पाउने हुँदा सामाजिक रुपमा उच्च सम्मान हुने ।

**बिद्यमान नीतिगत तथा कानूनी व्यवस्था**

- संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरीएको छ ।
- धारा ३३ मा प्रत्येक नागरीकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरीएको छ ।
- धारा ३४ मा प्रत्येक नागरीकलाई उचित श्रम अभ्यासको हक, उचित पारीश्रमिक, सुविधा तथा योगदानमा आधारीत सामाजिक सुरक्षाको हक ।
- धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरीकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरीएको छ ।
- सविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई
- दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सिप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरीएको छ ।

नेपालको संविधानको धारा ५१(ज) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीतिमा राज्यले असाहयक अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि

गणेश कुमार ... नगर प्रमुख

समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

### कानूनी तथा नीतिगत व्यवस्था

- रोजगारीको हक ऐन, २०७५ नियमावली २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- राष्ट्रिय रोजगार नीति २०७२
- श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना
- १५औ पञ्चवर्षिय योजना
- सरकारका नीति तथा कार्यक्रम १० बर्षे रोजगार दशक घोषणा

### २. रोजगार रणनीतिको आवश्यकता/औचित्य

चामुण्डाविन्द्रासैनी नगरपालिकामा बढ्दो बेरोजगारीको समस्यालाई समाधानका लगि आन्तरीक रोजगारीका सिर्जना गरी बाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सृजना नहुँद्रा वर्षेनी ठूलो संख्यामा युवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखी संविधानमै रोजगारीको हकको व्यवस्था राखी त्यसलाई कार्यान्वयन गर्ने विभिन्न नीति, ऐन, र कानूनहरु कार्यान्वयनमा रहेका छन्। संविधान, ऐन तथा कानूनले निदिष्ट गरेका व्यवस्थालाई नागरीकको जिवनस्तरमा सुधार गर्न तय गरीएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी भएको पाइदैन नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा पनि बिगत ४ वर्ष देखि कार्यान्वयनमा रहेको छ । त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रम पनि रहेका छन् तर स्थानीय तहमा श्रोत साधनलाई एकिकृत गरी परिचालन गरीएमा नागरीकलाईलाई रोजगारीको हक सुनिश्चित गर्न मदत पुग्ने हुनाले रणनीति आवश्यक हुन पुगेकोछ ।

संचालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्था : प्रधानमन्त्री रोजगार कार्यक्रम युवा रोजगारिका लागी रुपान्तरण आयोजना र मुख्यमन्त्री रोजगार र यस नगरपालिकाको साझेदारीमा २०७५।७६ मा ५० दिनको रोजगारी सहित ५७० जना, २०७६।७७ मा वढीमा १०० दिनको रोजगारी सहित ४३४ जना, २०७७।७८ मा बढीमा १०० दिनको रोजगार सहित ६८९ जना, २०७८।७९ मा ८६७ जनालाई वढीमा १०० दिन र २०७९।८० मा ४७१ जनालाई १०० दिनको न्यूनतम रोजगारी र २०८०।८१ मा ३७८ जना र ३०८१।८२ मा ३०८ जनालाइ यस नगरपालिका भित्र सडक मर्मत तथा स्तरउन्नेति भवन बाटो, फिल्ड ,सिचाइ कुलो,पोखरी घेरावाल पर्खाल सामुदायिक विकासका पूर्वाधारमा रहेर रोजगारी सृजना गरीएको छ । सिमित श्रोत साधन तथा संघीय सशर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौति रहेको छ । सबैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन । रोजगारीका क्षेत्रमा आवश्यक श्रोत साधन प्रयोग गरी धेरै नागरीकलाई रोजगारीमा संलग्न गराउन तथा हाल संचालनमा रहेका रोजगार रोजगारीका कानूनी प्रावधाले तय गरेका दिर्घकालिन उदेश्य पुरा गर्न, स्थानीय तहको श्रोत साधन सहित प्रयोग गरी धेरै नागरीकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रमा संलग्न गराइ -श्रम तथा रोजगार क्षेत्रका दीर्घकालिन सोच सहितको रणनीति तग गर्न आवश्यक देखिएको तथा तीन वटै तहबाट प्राप्त श्रोत साधनलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्दै उत्पादनशील रोजगारीको विकास र उपयोगी गर्न यो रणनीति योजना तयार गरीएको हो । प्रस्तुत सन्दर्भमा यस रणनीति योजनाको आवश्यकता र औचित्य देहायक बमोजिम रहेको छ ।

CamScanner

- श्रम तथा रोजगार सम्बन्धि दिर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्रासिका लागि तहगत सरकारबाट तर्जुमा गरीएका कार्यक्रम विच सामञ्जस्यता कायम गर्न,
- नगरपालिका भित्र मर्यादित रोजगारीको लागि उद्धमशिलताको बिकास र आन्तरीक रोजगारी प्रवर्द्धन गर्न,
- श्रोत साधनलाई रोजगारमा केन्द्रित गर्न,
- उत्पादनशील र दिगो रोजगारीमा पहल गर्न,
- न्यूनतम रोजगारीमा मार्फत पूर्वाधार विकास र उत्पादनशील रोजगारीमा धेरै नागरीकलाई सहभागिता गराउन,
- बैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा सिपमूलक तालिम संचालन गर्न

३. अध्ययनको पद्धतिः

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निधारण गरेका अनुसूची २ र ३ मा प्रश्नावलीहरुलाई प्रयोग गरीएको छ साथै सरोकारवालासँगको अन्तरक्रिया गरी प्राथमिक सूचना संकलन गरिएकोछ। त्यसै गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार सचिवालय लगाएका निकायबाट प्राप्त जानकारीलाई सेकेन्डरी सूचनालाई गुणात्मक बिधिमा आधारीत भएर रणनीति योजना तयार गरीएको छ ।

४. क्षेत्रः

चामुण्डाविन्द्रासैनी नगरपालिका रोजगार रणनितिले आन्तरीक रोजगारीको अवस्था सीप विकास भौतक रुपमा मठ ,मन्दिर, पाटि, पैवा, बाटो, सडकमा नाला अथवा सडक मा ग्राभिलिङ र तालिम तथा वैदेशिक रोजगार सम्वन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्वन्ध राख्दछ । यस रोजगार रणनितिलका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।

- आन्तरीक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौति तथा समाधानका उपाय
- रोजगार कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या चूनोती तथा समाधानका उपाय
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशील रोजगारीको सम्भाव्याताको खोजि तथा प्रवर्दन
- वैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परामर्श तथा सहजीकरण
- सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम
- वैदेशिक रोजगारी बाट फर्किएका ब्यत्तिहरुलाइ उध्यमशिलता बिकास तिर जोडि रोजगारी सिर्जना गराउने ।

५. सिमाः-

चामुण्डाविन्द्रासैनी नगरपालिकाको ९ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरीने छ ।. यसमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको सामाजिक ,आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारीका सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धि सिमा रहेका छन् ।.

## खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण

स्थानीय तहको रोजगार रणनीति योजना तयार गर्दा देहायका विषयमा विश्लेषण गरीएको छ ।

२.१ जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार):- ९ वटा वडा रहेको यस चामुण्डाविन्द्रासैनी नगरपालिका मा वडा न १ मा २६८० वडा नं. २ मा २९६५ वडा नं. ३ मा २६४६ वडा नं. ४ मा ३३७० वड न ५ मा २४४३ वड न ६ मा ३५९३ वडा नं. ७ मा ३१०८ वडा नं. ८ मा २८९४ र वडा नं. ९ मा १८६० गरी

जम्मा २६५५९ जनसंख्या रहेको छ। नगरपालिकाभित्र जनघनत्व ५११३ घरघुरी रहेको पाइन्छ । भौगोलिक धरातल अनुसार फरक फरक जनसंख्याको बनौट रहेको छ, पादुका गडाजिउला नदी किनारा क्षेत्रमा बढी उत्पादन योग्य जमिन, व्यापार व्यवसाय गर्न सहज, शिक्षा, यातायतको सुविधाको पहुँच भएकाले यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ भन्ने नगरपालिकाको को उच्च भूभागमा जनघनत्व क्रमश -न्यून छ ।

२.१.१ जनसंख्या, उत्पादन र भु बनौटका आधारमा ३ भागमा बाड्न सकिन्छ

- उत्पादनशील नदि खोला किनारा क्षेत्र वडा नं. ६ ५ र ३ को धान, गहुँ ताजा तरकारीको बिउ वडा नं. १ २ को सुन्तला आलु तरकारी क्षेत्र वडा नं. ८-७-३-४ को बेसार अदूवा, टिमुर, सुन्तला, लसुन अन्य जडिबुटीको र वडा नं. ९ को आँप लसुन, अदूवा, सुन्तला, क्षेत्र हो। यस क्षेत्रमा ठकुरि शाहि) क्षेत्री खड्का, बुढा, भण्डारि, ख़त्रि, महतारा दलित (कामी, दमाई, सार्की, वादी ) मगर-( थापा, घर्ती, ) बहामण (शर्मा, जैसि, शाह) लगायतका मिश्रित जात को बसोबास रहेको छ । यस क्षेत्रमा खाध उत्पादन र दिगो तथा उत्पानदशिल रोजगारीको सम्भावना बढी देखिन्छ । यस क्षेत्रमा बसोवास गर्ने मानिस आर्थिक अवस्था मध्यम जिवनशैली अपनाएको पाइन्छ । यस क्षेत्रमा व्यापार, कृर्षि, स साना उद्योग, सहकारी, भारत तथा वैदेशिक रोजगारीमा गई जिवनयापन गरीरहेका देखिन्छ वर्षको कृषिबाट २ पटक उत्पादन गर्न सकिने देखिन्छ ।
- समग्रमा यस नगरपालिकाको कृषि जन्य उत्पादनहरु मध्य अन्नबालिहरुमा गहुँ मकै धान कोदो दलहन बाली तर्फ मसुरो बोडि केराउ सिमी कालोमास भटमास चना फलफुलहरु तर्फ आँप अगुँर केरा आरु आरुबखडा लिची किवी अनार सुन्तला कागति मेवा सुन्तला अमिले जुनार मसला तर्फ बेसार अदुवा अलैची लसुन प्याँज धनिया खुर्सानी पशुपालन तर्फ बाखा भैंसी कुखुरा बगुर गाइ माछा आदि पर्दछन.।

.रोजगारी दिन सकिने अवस्था छ ।

१.३- रोजगारीको अवस्थाः- जनगणना २०७८ अनुसार

- १० वर्ष सो भन्दा माथिको उमेरको जनसंख्याको ३८.१ प्रतिशत आर्थिक क्रियाकलापमा संलग्नता छ भन्ने ६१.८ प्रतिशत मानिसहरु कुनै पनि आर्थिक क्रियाकलामा संलग्न हुदैनन।
- १० वर्ष सो भन्दामाथिको अक्सर आर्थिक क्रियाकलापमा सक्रियताका अवस्थाका आधारमा २६५५९ जनसंख्यामा ६८७३ जना मध्ये ४३८१ पुरुष र २४९२ जना महिला रोजगारीमा सक्रियता रहेको छ ।
- १० वर्ष सो भन्दा माथिको अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिको रोजगारीको रहेका जनसंख्या ६८७३ जनामा ६४०० जना रोजगारीमा रहेका छन् । भने सक्रिय व्यक्ति मध्ये ४७३ जनाले कुनै रोजगारी नपाएको देखिन्छ ।
- संस्थागत क्षेत्रमा रोजगारीमा संलग्न जनसंख्या आधारमा सरकारी तर्फ ५१.२%, वितिय क्षेत्रमा ०.३%, गैर वितिय क्षेत्रमा २२.६%, गरै नाफामुलक क्षेत्रमा ०.१%, घरायसी क्षेत्रमा ७१.८% रहेको छ ।
- ४५९ जना रोजगार दातामा २११ जना पुरुष र २४८ जना महिला रहेका छन्।
- २.१ स्थानीय तहमा रहेका उधोग प्रतिष्ठान र रोजगारदाताको विवरण

२.२ उद्योगको संख्या र रोजगारीमा संलग्न भएका व्यक्तिको विवरण

- स-साना उद्योग ७-८ जना रोजगारदाता रहेको राष्ट्रिय जनगणना २०७८ ले उल्लेख गरेको छ, स्थानीय तहको रोजगार रणनीति निर्माणको मार्गदर्शन २०८० को अनुसूची ३ बमोजिका सुझाव संकलन गर्ने क्रममा ३७ वटा रोजगारदातासंग सुझाव संकलन उक्त विवरण अनुसूची १ मा राखीएको छ ।
-

CamScanner

चामुण्डाविन्द्रासैनी नगरपालिकामा हाल संचालनमा रहेका विभिन्न व्यवसाय,उद्योग,फर्म तथा रोजगारीका क्षेत्रहरुको विद्यमान अवस्था

| क्र.स | व्यवसायिक क्षेत्रको नाम | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | वडा नं.७ | वडा नं.८ | वडा नं.९ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कृषि,पशुपक्षी तथा तरकारी व्यवसाय, फर्महरु | 7 | 20 | 7 | 12 | 22 | 14 | 7 | 10 | 16 | 99 | |
| 2 | माछापालन | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 3 | होटेल,खाजा घर तथा साना व्यवसाय | 1 | 11 | 5 | 7 | 11 | 10 | 19 | 7 | 13 | 71 | |
| 4 | ब्युटिपार्लर | 0 | 0 | 1 | 0 | 1 | 2 | 0 | 2 | 0 | 6 | |
| 5 | किराना पसल | 5 | 7 | 6 | 11 | 23 | 10 | 11 | 8 | 10 | 81 | |
| 6 | भाडा पसल | 0 | 2 | 0 | 0 | 3 | 2 | 2 | 2 | 1 | 11 | |
| 7 | मेडिकल | 0 | 2 | 1 | 0 | 3 | 2 | 1 | 1 | 1 | 10 | |
| 8 | एग्रोभेट सेन्टर | 0 | 2 | 1 | 0 | 3 | 1 | 0 | 1 | 0 | 8 | |
| 9 | सिलाई कटाई व्यवसाय | 2 | 0 | 1 | 3 | 7 | 4 | 2 | 2 | 1 | 21 | |
| 10 | मसला तथा अन्य उद्योग | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 | |
| 11 | हार्डवयेर | 0 | 0 | 0 | 0 | 2 | 1 | 0 | 0 | 0 | 3 | |
| 12 | फर्निचर उद्योग | 0 | 0 | 0 | 1 | 2 | 2 | 1 | 1 | 1 | 7 | |
| 13 | फलफुल पसल | 0 | 0 | 0 | 0 | 5 | 2 | 0 | 1 | 1 | 8 | |
| 14 | कुटानि पिसानी मिल, घट्ट | 1 | 0 | 1 | 2 | 4 | 2 | 0 | 2 | 2 | 12 | |
| 15 | मासु पसल | 0 | 0 | 0 | 0 | 2 | 2 | 1 | 1 | 1 | 6 | |
| 16 | दुध डेरी | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | |
| 17 | फेन्सी तथा कस्मेटिक पसल | 1 | 7 | 1 | 2 | 7 | 4 | 2 | 5 | 2 | 29 | |
| 18 | इलेक्ट्रोनिक्स पसल | 1 | 0 | 1 | 1 | 9 | 3 | 3 | 3 | 2 | 21 | |
| 19 | कुखुरापालन | 0 | 0 | 1 | 2 | 11 | 7 | 4 | 4 | 3 | 29 | |
| 20 | कृषि समुह तथा सहकारी | 1 | 1 | 2 | 2 | 3 | 2 | 1 | 1 | 1 | 13 | |
| 21 | बचत तथा श्रृण सहकारी | 0 | 0 | 1 | 1 | 1 | 1 | 1 | 2 | 0 | 7 | |
| 22 | बहुदेश्यीय सहकारी | 0 | 1 | 0 | 0 | 1 | 0 | 1 | 0 | 0 | 3 | |
| 23 | अन्य सहकारी | 0 | 0 | 0 | 1 | 1 | 1 | 1 | 0 | 0 | 4 | |
| 24 | साना तथा मझौला उद्योगको विवरण | 2 | 2 | 0 | 1 | 0 | 1 | 0 | 2 | 2 | 8 | |
| 25 | विभिन्न निकायवाट सिपविकास तथा जिवन उपयोगी,व्यवसायिक तालिम प्राप्त व्यक्तीहरुको विवरण (बाँसका सामाग्री निर्माण,सिलाई कटाई,वाइरिगं,अल्लो प्रशोधन,हाते होजिवारि सिप तथा क्षमता विकास लगायत का तालिम प्राप्त) | 48 | 20 | 42 | 23 | 42 | 86 | 25 | 18 | 17 | 304 | |
| 26 | चालु आ.व २०८१।८२ मा न्युनतम रोजगारिमा संलग्न व्यक्ती हरुको विवरण | 31 | 27 | 30 | 8 | 43 | 32 | 32 | 41 | 27 | 244 | |
| 27 | वैदेशिक रोजगारिमा रहेका व्यक्तीहरुको विवरण | 61 | 17 | 24 | 31 | 89 | 95 | 29 | 35 | 41 | 381 | |
| 28 | वैदेशिक रोजगारिमा गई फर्किएका व्यक्तीहरुको विवरण | 28 | 8 | 13 | 20 | 32 | 42 | 25 | 16 | 29 | 184 | |
| 29 | आ.व.२०८२।८३ को सुचीकृत वेरोजगार व्यक्तीहरुको विवरण | 278 | 419 | 238 | 80 | 329 | 324 | 215 | 626 | 425 | 2509 | |

२.३ स्वरोजगार लागि नयाँ उद्योग तथा प्रतिष्ठान खोल्ने अवस्था

- साना कृषिमा आधारीत उद्योग हुन सक्ने

२.४ उच्चोग प्रतिष्ठानमा संलग्न हुने सक्ने रोजमारीको प्रकृति

२.५ उद्योग प्रतिष्ठानहरुमा संलग्न हुने जनशक्तिका लागि आवश्यक पर्ने सीप तथा क्षमताको बिश्लेषण

❖ क्षमता बिकास तालिम दिनु पर्दछ

## २.६ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको संख्या र प्रकृति

वि सं २०८२ बैसाख मसान्त सम्मको चामुण्डाविन्द्रासैनी नगरपालिकामा ३८१ जना वैदेशिक रोजगारमा रहेका थिए। चामुण्डाविन्द्रासैनी नगरपालिका वर्षेनी बेरोजगार नागरीकहरु जिवनयापन गर्न तथा आधारभूत आवश्यकता पूर्ति गर्न भारतमा धेरै जसो पुरुष रोजगारीमा गएका छन् भन्ने भारत बाहेक अरु देशमा रोजगारीमा गएका व्यक्तिको विवरण-

| वडा नं. | बैदेशि रोजगारीमा रहेका वडागत संख्या | श्रम स्वीकृत भए नभएको |
|---|---|---|
| १ | ६१ | श्रम स्वीकत भएको |
| २ | १७ | श्रम स्वीकत भएको |
| ३ | २४ | श्रम स्वीकत भएको |
| ४ | ३१ | श्रम स्वीकत भएको |
| ५ | ८९ | श्रम स्वीकत भएको |
| ६ | ९५ | श्रम स्वीकत भएको |
| ७ | २९ | श्रम स्वीकत भएको |
| ८ | ३५ | श्रम स्वीकत भएको |
| ९ | ४१ | श्रम स्वीकत भएको |
| | ३८१ | श्रम स्वीकत भएको |

## २.७ बैदेशिक रोजगारका लागि उपलब्ध सेवा तथा सुविधाको विश्लेषण

५. बैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण तथा परामर्श गर्ने व्यवस्था रहेको छ।

- ➢ वैदेशिक रोजगारमा सम्वन्धी अभिमूखिकरण, सूचना प्रवाह र प्रवद्धनात्मक क्रियाकलाप संचालन गर्ने ।
- ➢ वैदेशिक रोजगार जाने श्रमिकको श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिमा सहजीकरण गर्ने ।
- ➢ वैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुनःएकीकरण सम्बन्धी कार्यक्रमको संचालनमा समन्वय, सहकार्य र सहजीकरण ।

## २.८ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चूनौती र निराकरणको अवस्था

चूनौतीहरु

वेरोजगार युवाहरुलाई श्रमप्रतिको धारणामा रुपान्तरण गर्न नसक्नु ।

विकासका पूर्वाधारमा पनि आवश्यक श्रोत साधन अभावले ।

- ० वेरोजगार युवाहरुले उत्पादनशील रोजगारी अन्तर्गत कृर्षि तथा पशुपालनमा भविष्य नदेखनु।
- ० सीपलाई रोजगारमा रुपान्तरण गर्नु ।
- ० बढ्दो वेरोजगारीलाई न्यूनीकरण गर्नु ।
- ० श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- ० मागमा आधारीत रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।
- ० न्युन वजेटमा अपेक्षा धेरै हुनु ।

CamScanner

निराकरण

० रोजगारीको हकलाई पूर्णरुपमा कार्यान्वियन गर्न संघीय सरकारबाट प्राप्त कानून नीति नियम बनेका छन् ।

० श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन्

० संघ र स्थानीय तहले रोजगारी सृजना हुने गरी बजेट व्यवस्थापन गर्ने गरेका छन् ।

० लघुउद्यम विकास कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन्।

० - सीपयुक्त जनशक्तिलाई रोजगारीमा आवद्ध गर्न काममा आधारीत तालिम संचालन हुने गरेका छन् ।

२.९ स्थानीय तहमा रोजगार रणनीतिको क्रार्यान्वयन पश्चात प्राप्त हुने अबसर र उपलब्धि अवसर

० नगर भित्र आर्थिक गतिविधि बढन गई युवाहरुलाई उद्योग व्यवसाय गर्ने बातावरण

० परिणात्मक र गुणात्मक रोजगारी सिर्जना

० आन्तरीक रोजगारीमा विश्वसिलो दीगो माग र आपूर्तिमा प्रणालीको विकास

० न्यूनतम रोजगारीमा अहिले चूनौतीलाई दिगो रोजगारीका अवसरमा रुपान्तरणको अवसर

० युवालाई कृषि, पशुपालन, जडिबुटीमा अबसर प्रहान गर्न।

उपलन्धि

- बेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित भएको हुनेछ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक भएको हुनेछ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार भइ कार्यान्वन भएको हुनेछ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा तथा अन्य सेवा संचालन बिश्वसनियता बढेको हुनेछ ।
- आन्तरीक रोजगारीका अवसर सिर्जना भएको हुने
- दिगो र उत्पादनशील रोजगारिका क्षेत्रका पूर्वाधार निर्माण भएको हुनेछ।
- दिगो रोजगोरीका लागि उधमशिलताका नयाँ क्षेत्र पहिचान भइ वार्षिक दिगो रोजगारिमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तीन तहको रोजगारीका कार्यक्रमलाई एकिकृत गराउन सहयोग पुग्नु ।
- स्थानीय तहको श्रोत साधनको प्रयोग भइ बार्षिक न्यूनतम रोजगारीका क्षेत्रमा सूचीकृत को बेरोजगारीको संख्यामा हाल करिव १० % ले मात्र रोजगारी पाएकोबाट ५०% सम्ममा रोजगारी पाएको सुनिश्चित हुने ।

## खण्ड :-३

## रणनैतिक विश्लेषण

नगरपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान गरी श्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरीबीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था रहेको छ । संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरीकको जिबनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरीक रोजगारीमा संलग्न हुन चाहने नागरीकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधार मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरीक बैदेशिक रोजगारीमा गई रहेका बर्तमान चूनौतीलाई आत्मसाथ गरी आन्तरीक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरीकलाई नगरमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्गनिर्देशन गर्ने अपेक्षा छ ।

- वेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- वेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सेवा संचालन गर्नु ।

## खण्ड-४
## रणनैतिक सबाल

नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलव्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीक हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलब्धि मूलक बनाउन, आन्तरीक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरीक रोजगारीका अवसरमा वृद्धि, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्न, उधमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु यस रणनैतिक सबाल रहेका छन् ।

## खण्ड -५
## दूरदृष्टि, लक्ष्य र उदेश्य (long-term vision, mission, objectives)

सोचः "समृद्ध नगर कृषि, उधोग, पशुपालन, पर्यटन र विकासका पूर्वाधारमा रोजगार" रणनीतिक योजनाको दिर्घकालिन सोच हुनेछ ।

लक्ष्यः सुचिकृत वेरोजगारलाई रोजगारीको प्रत्याभूति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेकोछ ।

उदेश्य : नगरपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै नगरपलिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन् ।

CS CamScanner

१. बिकासका पूर्वाधारमा कृषिको उत्पादन, जडिबुटीको तथा बन-पैदावरको संकलन, प्रशोधन बजारीकरण, उद्यम शीलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफूल खेती मार्फत न्यूनतम रोजगारी देखि दीगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।

२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उंत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

३. बैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरुलाई आवश्यक पर्ने सीप, अभिमुखीकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सूरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशी क्षेत्रमा उपयोग गर्नु ।

४. रोजगारमुलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री बनाउंनु ।

<u>नगरपालिकाका प्राथमिकताहरुः-</u>

१. आन्तरीक, दीगो तथा उत्पादनशील रोजगारीमा जोड ।

२. सीपमूलक तालिममा जोड ।

३. कृषि, वन पैदावरमा रोजगारी सिर्जना ।

४. जडिबुटी, उद्योग, पर्यटन, खानी, उद्यमशिलतामा जोड ।

५, विकासका पूर्वाधार ।

६, बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई उत्पादनका क्षेत्रमा संलग्न ।

७: बैदेशिक रोजगारीमा जान चाहने युवालाई परामर्श, अभिमुखीकरण गर्नु पर्ने।

गणेश कुमार शाही
नगर प्रमुख

CamScanner

## खण्ड :-६

## रणनैतिक लक्ष्यहरु ( strategies goals)

- ❖ वेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- ❖ सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- ❖ श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- ❖ संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- ❖ बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- ❖ रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
- ❖ लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- ❖ वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सेवा संचालन गर्नु ।
- ❖ बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु
- ❖ कृषि बनपैदावर
- ❖ रोग तरकारी, खेती बाली.जडिबटी दीगा रोजगारलाई

o उद्योग, फलफूल खेती, मसाला बाली, जडिबुटी मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु ।

## खण्ड-७

## रणनैतिक स्तम्भ/ प्रमुख रणनीति तथा कार्यनीतिहरु

### ७.१ रणनीतिक स्तम्भ

रणनीति योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरीएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वियनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरीएको छ ।

स्तम्भ- १: आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति ।

स्तम्भ- ३: वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

स्तम्भ- ४: रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री ।

### ७.२ रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ- १: आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने, | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने। | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरीका, विधि सम्बन्धमा आवश्यक परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । |
| १.२ दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ उत्पादन हुने खाद्यान्न बाली, मसाला बाली, तरकारी<br>पकेट, फलफूल खेती क्षेत्रको जमि नौट, परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र |

| | |
|---|---|
| | माछा पालनका सम्बन्धमा सम्भावित अध्यन गरी नगर भित्र रोजगारीका अवसरको खोजी गरीनेछ । |
| **रणनीतिक स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति** | |
| २.१ जीवन उपयोगी सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारीक जीवनमा लागू गर्न सक्ने गरी बेरोजगार नागरीकलाई प्रोत्साहन गरीनेछ । |
| २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारीत तालिमको दिइ दक्ष बनाउने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ नगरपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार, होटल, व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखीने । |
| **स्तम्भ- नं. ३ बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग** | |
| ३.१ वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित वनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | ३.१.१ वैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सिप सिकाउनका लागि पहल गरीनेछ । |
| ३.२ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने |
| स्तम्भ- नं. ४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने । | ४.१.२ सीप विकास, सहुलियता पूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखीनेछ ।<br>४.१.३ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । |

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा चामुण्डाविन्द्रासैनी नगरपालिका सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र नागरीक समाज

समाज सेवी निर्माण व्यवसायी उद्योग व्यवसायी लगायतका आम सरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरीनेछ ।

## खण्ड-८

## पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan)

### अनुसूची- ५

चामुण्डाविन्द्रासैनी नगर पालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्तम्भ नं.१<br>आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | | | | | | |
| रणनीति १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने। | | | | | | |
| कार्यनीति १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरीका, विधि सम्बन्धमा आवश्यक परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । | | | | | | |
| क्रस | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवारी निकाय/ शाखा | सहायक निकाय/ शाखा | समयवधि | कार्यसम्पादन सूचक | जोखिम |
| १.१.१.१ | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रोजगार सेवा केन्द्र | पुर्वाधार शाखा योजना शाखा | ४ महिना भित्र | आयोजना छनौट भएको | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिको क्षमता हेरेर परामर्श र सीप सिकाउने | रोसेके प्रविधिक शाखा | योजना शाखा | बढिमा ७ दिन | मर्यादित कामको गुणस्तर देखिने | |
| रणनीति १.२ दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने | | | | | | |
| कार्यनीति १.२.१ उत्पादन हुने खाद्यान्न बाली, मसाला बाली, तरकारी पकेट क्षेत्रको जमिनको परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने । | | | | | | |
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेतीको र जमिन छनौट गर्ने | रोसेके | कृषि शाखा | १५ दिन | जमिनको छनौट भएको | |
| १.२.१.२ | उत्पादनशील रोजगारीको ढाँचा का लागि जमिन मालिक र श्रमिकविच सहयोगात्म भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने । | रोसेके | कृषि शाखा श्रमिक समुह जमिन मालिक | ७ दिन | जमिनकर्ता र श्रमिक विच समजदारी कार्यम भएको | |
| १.२.१.३ | खालि भएका जमिनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरी फलफूल, जडिबुटी खेतीको पहल गर्ने | रोसेके | कृषि शाखा श्रमिक समुह जमिनमा लिक | १० दिन | उत्पादन हुने फलफूल खेतीको | |

कुमार शाही

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.४ | १०० दिन भित्र उत्पादन भएका बस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने | रोसेके | कृषि शाखा श्रमिक समुह बजारव्यव स्थापक | १५ दिन | उत्पादन भएका वस्तु बजारमा गएको हुनेछ। | |
| १.२.१.५ | सूचीकृत बेरोजगारलाई पशुपालन माछा पालन सेवामा आवद्ध हुने बातावरण तयार गर्न आवश्यक पहल गर्ने | रोसेके पशु शाखा | कृषि शाखा श्रमिक समुह बजारव्यव स्थापक | ३० दिन | दुध र मासूको व्यापार भएको हुने | |
| स्तम्भ नं.२ बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | | | | | | |
| रणनीति २.१ जीवन उपयोगी सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | | |
| कार्यनीति २.१.१ लघु उधमशिल सीपलाई व्यवहारीक जीवनमा लागु गर्न सक्ने गरी वेरोजगार नागरीकलाई प्रोत्साहन गरीनेछ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको प्रयोग गरी उद्धमशिलताका कार्यक्रम संचालन गर्ने | रोसेके | सरोकारवाला सबै | १५ दिन | उद्धमशिल तालिम प्राप्त संख्या तयार | |
| २.१.१.२ | उद्धमशिलताका उत्पादित वस्तुको बजारीकरण गर्ने | रोसेके | सरोकारवाला सबै | ६ महिना | आय श्रोत बढेको | |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारीत तालिमको दिइ दक्ष बनाउने । | | | | | | |
| २.२.२ | योजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपलाई अभिलेख राख्ने | रोसेके | तालिम प्रदायक निकय | ३० दिन | सीप र अनुभव अभिलेख संख्या | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा गरो आँकलन गर्ने । | | | | | | |
| कार्यनीति २.३.१ नगरपालिका भित्रका निजी क्षेत्रका उधोग व्यवसायी ठेकेदार होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखीने । | | | | | | |
| २.२.१ | बेरोजगार युवाहरुलाई न्यूनतम पारीश्रमिक दिइ रोजगार दिएका रोजगारदाता र श्रमिको अभिलेख राखे र<br>रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्वन्धि सूचनाको आँकलन गर्ने । | रोसेके | सरोकारवाला सबै | १५ दिन | रोजगारदाताको विवरण प्राप्त | |
| २.२.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी कम्तिमा १०० दिनको रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एक पटक प्राप्त पुरस्कार सहित सम्मान गर्ने। श्रमिक र सीपको अभिलेख तयार गर्ने | रोसेके | सरोकारवाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको हुने र श्रमिक र<br>सीपको विवरण प्राप्त | |

गणेश कुमार
नगर प्रमुख

CS CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **स्तम्भ नं.३** बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | | | | | | |
| रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | | | | | | |
| कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सिप सिकाउनका लागि पहल गरीनेछ । | | | | | | |
| ३.१.१.१ | सिपको आधार तयार गरी बैदेशिक रोजगारमा जाने व्यत्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने | रोसेके | शिक्षा शाखा, तालिम प्रदायक निकय | १५ दिन | बैसेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | |
| ३.१.१.२ | बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परामर्श र अभिमुखिकरण गर्ने | रोसेके | सुरक्षित अप्रवासन सामी | ७ दिने | देश र पेशाका बारेमा जानकार भएको | |
| रणनिति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने | | | | | | |
| कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने | | | | | | |
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको विवरण तयार अद्यावधिक गर्ने । | रोसेके | सुरक्षित अप्रवासन सामी | १५ दिन | बैदेशिक रोजगारी बाट फर्केका विवरण प्राप्त हुने | |
| स्तम्भ नं.-४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | | | | | | |
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति ४.१.२ सीप विकास, सहुलियतापूर्ण कर्जा, वित्तिय साक्षरता, उचमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाइनेछ । | | | | | | |
| ४.१.२.३ | रोजगार सेवा केन्द्रमा सूचीकृत भएका वेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने सेवा उलब्धि गरांउने | रोसेके | निजि क्षेत्र | २ महिना | एकिकृत सेवा पाएका हुने | |
| ४.१.२.४ | संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रोसेके | सरोकारवाला निकार सबै | ६ महिना | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको | |

गणेश कुमार शा[illegible]
नगर प्रमुख

CamScanner

अनुसूची

नतिजा खाका

| क.स | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
| १ | न्यूनतम रोजगारिमा संलग्न व्यक्ति | जना | १९२ | २५० | ३५० | ४५० | ५०० | ६०० |
| २ | पूर्वाधार विकासमा संलग्न तर्फ | जना | १९२ | २०० | २८० | २५० | २२५ | २०० |
| ३ | उत्पादनशील रोजगारीमा संलग्न तर्फ | जना | ० | ५० | ७० | २०० | २२५ | ४०० |
| ४ | रोजगार आयोजनामा सीप पाइको जनशक्ती संलग्न | जना | ० | २०० | ३०० | ४०० | ५०० | ६०० |
| ५ | उत्पादनशील र दिगो रोजगारी स्थान छनौट कृषि तर्फ | जना | ० | ३ | ५ | ७ | ८ | ९ |
| ६ | न्यूनतम रोजगारमा आवद्द हुने श्रमिकलाई परामर्श सीप निकासका पूर्वाधार तर्फ | जना | ० | १०० | १५० | २०० | २१० | ३०० |
| ७ | उत्पादन तरकारी तर्फ नयूनतम रोजगारीमा संलग्न लाई सिप | जना | ० | ५० | १०० | २५० | २९० | ३०० |
| ८ | मसला वाली तर्फकोमा रोजगारी | जना | ० | २० | ३० | ५० | ८० | १०० |
| ९ | जडिवुटी तर्फ रोजगारी | जना | ० | १० | २० | ३० | ४० | ८० |
| १० | पशुपालन तर्फ रोजगारी | जना | ० | २१ | २८ | ३५ | ४८ | ७० |
| ११ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन कृर्षि तर्फ | वटा | ० | ३ | ४ | ५ | ६ | ७ |
| १२ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन पशुपालन तर्फ | वटा | ० | ३ | ४ | ५ | ६ | ७ |
| १३ | रोजगारदाता विवरण | संख्या | ० | १५० | १५५ | १७० | १८० | २०० |
| १४ | उद्यमशिलता विकास तर्फ सीप विकास | संख्या | ० | ५० | ८० | १२० | १५० | ३०० |
| १५ | कार्यस्थलमा आधारीत तालिम पाउने संख्या | जना | ० | ४० | ६० | ८० | १०० | २०० |
| १६ | रोजगारदाताको सम्मान | जना | ० | ५ | १० | १५ | २० | २५ |
| १७ | वैदेशिक रोज़गारमा आवश्यक पर्ने सीपको पहिचान र छोटो अवधिको सीप सीकाउन | जना | ० | ५० | १३० | १८० | २०० | २५० |
| १८ | वैदेशक परामर्श र अभिमूखीकरण | पटक | ३ | ४ | ५ | ६ | ६ | ६ |
| १९ | वैदेशिक रोजगारीमा गएको विवरण | जना | २९२ | २०० | ३०० | ३०० | ३०० | ३०० |
| २० | वैदेशिक रोजगारीवाट फर्केकाको संकलन विवरण | जना | ९८ | १५० | २०० | ३०० | २५० | ३०० |
| २१ | सहुलियतपूर्ण कर्जा लिने संख्या | जना | १० | १२ | १५ | १८ | २० | २५ |
| २२ | वित्तिय साक्षारता | जना | १५ | २० | २५ | ३० | ४० | ५० |
| २३ | उद्यमशिलता | जना | १५ | २० | ३० | ५० | १०० | १५० |
| २४ | स्वरोजगार तर्फ | जना | १८ | २२ | २५ | ३० | ४० | ५० |

## खण्ड -९

### श्रोत परिचालन र बजेट व्यवस्थापन ( Resource Mobilizations and Budget management)

चामुण्डाविन्द्रासैनी नगरपालिका वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारीत भई तर्जूमा गरीनेछ । रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रुपमा प्रस्ताव गरीनेछ। आवश्यकता अनुसार विकास साझेदारसँग सगेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरीनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरीएको छ ।

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
| स्तम्भ-१: आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | २५ लाख | ५० लाख | ७० लाख | ८० लाख | १ करोड |
| स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | २० लाखं | ४० लाख | ५० लाख | ७० लाख | १ करोड |
| स्तम्भ- नं.३ बैदेशिक रोजगारलाई उपलन्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | २५ लाख | ५० लाख | ७० लाख | ८० लाख | १ करोड |
| स्तम्भ- नं.४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | ३० लाख | ५० लाख | ७० लाख | ८० लाख | १ करोड |

## खण्ड-१०

### रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्क सम्बन्धी व्यवस्था ( steering committee Monitoring and Evaluation )

### १०.१ रणनीति कार्यान्वयन निर्देशक समितिः

यस चामुण्डाविन्द्रासैनी नगरपालिका ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ ।

<u>तपसिल</u>

(क) नगर पालिकाको प्रमुख - अध्यक्षं

(ख) नगरकार्यपालिकाको उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर कार्यपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना - सदस्य

(ङ) रोजगार संयोजक - सदस्य सचिव

गणेश कुमार ...
नगर प्रमुख

CamScanner

चामुण्डाविन्द्रासैनी नगरपालिका भित्र रहेका रोजगारदाताहरुमध्ये आमन्त्रण गर्न सकिनेछ ।

## १०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः

(क रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि गाँउ वा नगर सभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनिति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचीकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने

## खण्ड- ११

## जोखिम व्यवस्थापन (Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरी देहाय बमोजिम उल्लेख गरीएकोछ ।

क) श्रोत व्यवस्थापन

ख) सरकारी गैरसरकारी र निजीक्षेत्रविच प्रभावकारी समन्वय

ग) रोजगारी सम्बन्धि स्थानीय सरकारको अपनत्व

घ) शाखागत समन्वय

ङ) सरोकारवालाहरु निकायको दृष्टिकोण

च) प्रदेश र स्थानीय तहमा समन्वय

गणेश कुमार